राप्ती नगरपालिका
नगर कार्यपालिकाको कार्यालय

हर्दी, भण्डारा, चितवन
बागमती प्रदेश, नेपाल
२०७३

प.सं.०७८।०७९
च.नं. २८३

मितिः.....

२०७८।०४।१३

श्री वडा कार्यालय (१-१३) सबै,
राप्ती नगरपालिका भण्डारा,
चितवन।

विषयः परिपत्र सम्बन्धमा।

प्रस्तुत विषयमा CRS Nepal ललितपुर को मिति २०७८।०२।२४ को पत्र यसैसाथ संलग्न गरि पठाईएको छ। सो सम्बन्धमा तहाँ वडा बाट १ जना उल्लेखित योग्यता पुगेको व्यक्ति स्वयमसेवक को रुपमा सिफारिस गरी ३ कार्यदिन भित्र नगरपालिका कार्यालयमा पठाउनुहुन अनुरोध छ।

.....
गंगा बहादुर भुजेल
प्रमुख प्रशासकीय अधिकृत

☎:०५६-५५००१५ । इमेल : rraptimunicipality42@gmail.com | वेवसाइट : www.raptimun.gov.np

CRS, Nepal- Head Office
Bakhundole, Lalitpur, Nepal
G.P.O. 8975, EPC 419 Kathmandu, Nepal
Tel- 01- 5521771

मिति:२०७८/०२/२४

श्री नगर प्रमुख ज्यू,

राप्ती नगपालिकाको कार्यालय,चितवन ।

विषयः स्वंयमसेवक उपलब्ध सहयोग सम्वन्धमा

प्रस्तुत सम्वन्धमा यस सि.आर.एस, नेपालले यस चितवन जिल्लाको राप्ती नगपालिकाको कार्यालय **जोखिम वर्गमा रहेका भूकम्प प्रभावितहरुको पुनर्स्थापना गरी उत्थानशील समुदायको निर्माण(ReCoVER)** परियोजना सञ्चालन गर्न गइरहेको ब्यहोरा यहाँलाई अवगत नै छ । यस परियोजनाले भुकम्पबाट प्रभावित जोखिम वर्गको आवास पुननिर्माण,आय आर्जन सम्वन्धि गतिविधि तथा सामुदायिक पानीका संरचनाहरुको पुनर्स्थापनाको क्षेत्रमा सहयोग गर्नेछ । तसर्थ, वास्ताविक भुकम्पवाट प्रभावित जोखिम बर्गको अवस्था पहिचानको लागि आवास घरधरी सर्भेक्षण गर्नुपर्ने भएको हुँदा सो सर्भेक्षण को लागि आज मिति २०७८/०२/२४ गतेको विधुतीय(Virtual)बैठकमा भएको सहमति अनुसार तपसिल बमोजिमको योग्यता पुरा भएको **स्वं**यमसेवकहरु यहाँको गाउँपालिका प्रत्येक वडा बाट प्रतिनिधित्व हुने गरि उपलब्ध गराईदिनुहुन अनुरोध छ ।

योग्यताहरुः

१. पुननिर्माण सम्वन्धि ज्ञान भएको हुनुपर्ने ।
२.सम्वन्धित वडाको वासिन्दा भएका हुनुपर्ने ।
३.कम्तिमा १० कक्षा उतिर्ण गरेको हुनुपर्ने ।
४.एन्ड्रोइड मोवाईल र इन्टरनेट चलाउन सक्ने हुनुपर्ने ।
५.समावेशीकरणलाई ध्यान दिनुपर्ने ।
६. १८ बर्ष भन्दा माथी

सेवा सुविधा : एक घरधुरीको सर्भेक्षण गरेवापत करसहित रु २५० प्रदान गरिनेछ । साथै यातयात खर्च रु ५०० र संचार सुविधा वापत रु ५०० गरि एकमुष्ट रु १००० उपलब्ध गराईने छ ।

पूनश्चः मोटरबाईक चलाउन सक्ने र मान्यताप्राप्त डाईभिङ लाईसेन्स भएकालाई प्राथमिकता दिइनेछ ।

उत्तम पौडेल

ईमारजेन्सी तथा रिकभर संयोजक, सि.आर.एस.नेपाल